# विपद व्यवस्थापन कोष संचालन तथा ब्यवस्थापन
# कार्यविधि २०७५

-गाउँकार्यपालिका बैठकबाट पारित भएको मिति : २०७५/०१/०९

**१. प्रस्तावना :** यस माङसेबुङ गाउपालिकामा हुनसक्ने सम्भावित सबै खाले बिपतलाई तत्काल ब्वस्थापन तथा राहत उपलब्ध गराउदै हुनसक्ने क्षतिलाई न्यूनिकरण, रोकथाम र पुनः स्थापना गर्न आवश्यक छ। विपद् तपाई हाम्रो निरन्तर चल्ने सामान्य प्रक्रिया अचानक असमान्य बन्नु हो। जसका कारण धनजनको क्षति, भौतिक संरचनाको विनाश जस्तो परिणामहरु देखा पर्दछन। विपत् परिस्थितिजन्य आपतकालीन अवस्था हो। यो परिस्थितिमा कोही पनि नपर्ला भन्न सकिन्न, त्यसैले यस गाउँपालिकाको प्रथम गाउँसभाबाट विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोष संचालनको लागि बजेट पारित गरिएको छ। यसलाई गाउँपालिकामा हुने सम्पूर्ण विपद परिस्थितिलाई आपतकालिन राहत वितरण तथा व्यवस्थापन गर्न जरुर हुन्छ। उक्त कार्यलाई पारदर्शी, निष्पक्ष, यथार्थ र परिणाममुखी बनाउन नेपालको संबिधानको अनुसुचि ८ तथा स्थानिय सरकार ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (नं. ६) बमोजिम विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ तयार गरी लागू गरिएको छ।

## परिच्छेद - १

**२. नाम र परिभाषाः** बिपत ब्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ रहेको छ।

यस कार्यविधिमाः

(१) अध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिकाको अध्यक्षलाई संझनु पर्दछ।

(२) उपाध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिकाको उपाध्यक्षलाई संझनु पर्दछ।

(३) प्रमुख प्रशासकिय अधिकृत भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकीइ अधिकृतलाई संझनु पर्दछ।

(४) वडा अध्यक्ष भन्नाले भन्नाले माङसेबुङ गाउँपालिकाको वडा अध्यक्षहरुलाई संझनु पर्दछ।

(५) "कार्यविधि" भन्नाले माङसेबुङ गाउँ कार्यपालिकाले आफ्नो गाउँ पालिकाभित्र बिपद ब्यवस्थापन व्यवस्थापन तथा राहत कोष संचालनको लागि तयार गरेका विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ लाई बुझ्नुपदर्छ।

(६) विपद भन्नाले प्राकृतिक तथा मानबिय विपदलाई सम्झनुपर्दछ।

(७) यो कार्यविधि गाउपालिकाको कार्यपालिका बैठकबाट पारित भएको मितिबाट लागु हुनेछ।

(८) यो कार्यविधि यस माङसेबुङ गाउँपालिका क्षेत्रभरी लागु हुनेछ।

## परिच्छेद - २

**३. उद्देश्य :**

(१) विपद् व्यवस्थापनमा गाउँपालिकामा संस्थागत प्रणालीको स्थापना गर्ने।

(२) स्थानीय स्तरमा नीतिगत उपायहरु निर्माण गरी लागू गर्ने।

(३) स्थानीय सरकारबाट स्थानीय स्तरमा विपद् व्यवस्थापनमा तत्काल राहत दिलाउदै सरकारको उपस्थितिको पीडित जनतामा विश्वास दिलाउने ।

(४) उद्धार तथा पुनःस्थापनाको लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै निकाय, संघ संस्था बीच समन्वय गर्नका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

(५) गाउँपालिकाको जोखिमपूर्ण क्षेत्रको पहिचान गरी जोखिम रोकथाम तथा व्यवस्थापनको लागि भौतिक तथा चेतनामुलक कार्यक्रम गर्ने ।

(६) विपद, व्यवस्थापन, वातावरण, संरक्षण, पूर्वाधार निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने ।

**४. लक्ष्य**

सबै खाले प्रकोप तथा बिपदबाट हुने घटनालाई तत्काल सम्बोधन गर्दै पुनस्थापना गर्ने र सम्भावित विपदबाट बाच्न  पूर्ब तयारी गर्दै विपदलाई  न्यूनिकरण गर्ने कोषको लक्ष्य रहेको छ ।

**५. नीति :**

(१) विपद बाट पिडितलाई तत्काल उद्धार गर्ने र राहत सहयोग उपलब्ध गराउने ।

(२) विपद जोखिम व्यवस्थापन गर्न गाउपालिका स्तरिय योजना तर्जुमा गरी सबै योजना तथा कार्यक्रमहरुको आचारसंहिता बमोजिम गर्ने गराउने ।

## परिच्छेद - ३

**६. कोष व्यवस्थापन तथा संचालन :**

(क) गाउँपालिका स्तरिय एक विपद व्यवस्थापन समिति गठन हुनेछ

(१) गाउँपालिका अध्यक्ष **-अध्यक्ष**

(२) उपाध्यक्ष **-सदस्य**

(३) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको प्रतिनिधि **-सदस्य**

(४) नेपाल प्रहरी ,नेपाली सेना ,सशस्त्र प्रहरीका स्थानिय प्रमुखहरु **-सदस्य**

(५) गाउँपालिकामा कार्यक्षेत्र भएको नेपाल रेडक्रस सोसाईटी शाखा वा उपशाखाका सभापतिहरुमध्येबाट गाउपालिका अध्यक्षले मनोनित गरेको १ जना **-सदस्य**

(६) वातावरण तथा विपत व्यवस्थापन समितिको संयोजक **-सदस्य**

(७) योजना शाखा प्रमुख **-सदस्य सचिव**

(ख) समितिको बैठक सामन्यतया बर्षमा ३ पटक बस्नेछ ।

(ग) आवश्यकता अनुसार समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ ।

(घ) अध्यक्षको निर्देशनमा सचिब ले बैठक बोलाउने छ ।

(ङ) समितिको सम्पूर्ण सदस्य संख्याको ५१% सदस्य उपस्थित भए बैठकको गणपूरक संख्या पुरा भएको मानिने छ ।

(छ) बैठकको निर्णय अध्यक्षबाट प्रमाणित हुनेछ ।

**७. समितिको काम, कर्तब्य र अधिकार :**

(क) विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने, कोषको वार्षिक योजना तर्जुमा गरी गाउँसभामा पेश गर्ने ।

(२) विपद सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने, पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने ।

(३) जोखिमबाट पीडित परिवारका लागि पुनःस्थापनाको ब्यवस्था गर्ने ।

(४) योजना तथा बिकासको कार्यक्रममा वातावरणमैत्री बनाउन समन्वय गर्दै जोखिम न्यूनिकरण गर्न प्रयास गर्ने ।

(५) स्थानिय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापनलाई सस्थागत गरी विपद उत्थानशील समाजको निर्माण गर्ने ।

**८. वडा स्तरिय एक विपद व्यवस्थापन तथा प्रभावित पहिचान समिति**

गाउँपालिकाको प्रत्येक वडाहरुमा वडास्तरीय एक विपद व्यवस्थापन तथा प्रभावित पहिचान सतिति गठन गरिनेछ ।

(१) वडा अध्यक्ष **-संयोजक**

(२) वडा सदस्यहरु **-सदस्य**

(३) सम्बन्धीत वडामा रहेको सुरक्षा प्रमुख, स्वास्थ्य संस्था प्रमुख, नेपाल रेडक्रस सोसाईटी शाखा/उपशाखा सभापति १/१ जना **-सदस्य**

(४) वडा सचिव **-सदस्य सचिव**

**९. सचिवालय**

यस कोष संचालनको लागि गाउँपालिका स्तरीय ५ सदस्यीय सचिवालय सदस्य रहनेछ ।

(१) गाउँपालिका अध्यक्ष **-संयोजक**

(२) गाउँपालिका उपाध्यक्ष **-सदस्य**

(३) वातावरण तथा विपद व्यवस्थापन समितिको अध्यक्ष **-सदस्य**

(४) भौतिक तथा पूर्वाधार विकास समितिक अध्यक्ष **-सदस्य**

(५) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना **-सदस्य**

**१०. सचिवालयको काम, कर्त्तव्य र क्षेत्राधिकार :**

(१) कार्य विधिमा रहेर सम्पूर्ण आवश्यक प्रमाण जुटाई अध्यक्षको सिफारीस बमोजिम राहत वितरण गर्नलाई सचिवालयको बैठक बस्नेछ ।

(२) यस विपद व्यवस्थापनको सम्पूर्ण कार्यलाई एक वेपसाईट निर्माण गरी गाउँपालिका भरी सूचना प्रवाह गर्ने

(३) प्रमुख प्रशासकिय अधिकृतले सदस्य सचिवको काम गर्नेछ ।

(४) कोष सचिवालय समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको परामर्शमा बोलाउन सक्नेछ ।

(५) बैठक भत्ता प्रचलित ऐन तथा कानुन वा गाउँ कार्यपालिकाको सो सरह हुनेछ ।

## परिच्छेद - ४

**११. आर्थिक तथा प्रशासनिक व्यवस्थापन**

(क) कोषको वितिय व्यवस्थापन : कोषमा देहाय बमोजिम रकमहरु रहनेछ ।

(१) गाउँसभाबाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम ।

(२) अन्य स्थानिय तहबाट प्राप्त हुने रकम ।

(३) दातृ निकाय, परियोजना, गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(४) कोषलाई सेवा शुल्कबाट विभिन्न श्रोतबाट प्राप्त हुने रकम ।

(५) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

(६) कोषको रकम नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोली कोष जम्मा गरिनेछ । खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिकाको लेखा शाखा प्रमुखबाट संयुक्त दस्तखतबाट हुनेछ ।

(७) कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. प्रशासनिक व्यवस्था :**

(क) कोषको प्रशासनिक तथा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम नै संचालन गरिने छ । जुन प्रायोजनका लागि रकम प्राप्त भएको हो सो बाहेक अन्यमा खर्च गर्न पाइने छैन ।

(ख) विपदको प्रकारहरुः

(१) आगलागी

(२) बाढी पहिरो

(३) भूकम्प

(४) महामारी

(५) सडक दुर्घटना

(६) हात्ती लगायत अन्य वन्यजन्तुबाट हुने विनास

(७) खडेरी र अनिकाल

(८) आधीबेरी

(९) चट्याङ

(ग) अन्य

अनावृष्टि, खण्ड दृष्टि, खोलाको सतह बृद्धि हात्तीको समस्या, सर्पढश, रेवीज

(घ) आपत्कालीन उद्धार तथा राहत वितरण :

(१) घर क्षति : कुनै पनि विपदबाट घर क्षतिपूर्ण रुपमा नष्ट भएमा रु. ३०,०००/- (तीस हजार) विस्थापित हुने अवस्था मात्र मात्र ।

(२) प्रकोपबाट कुनै व्यक्ति अंगभंग भएमा रु १०,०००/- (दश हजार) सम्म प्रकृती हेरी उपलब्ध गराउने ।

(३) विपदबाट घर वहालको आवास नष्ट भए वा खाद्यान्न बाली, पसल व्यवसाय नोक्सानी भए तत्काल गुजाराको लागि रु. २०,०००।- (वीस हजार) प्रकृती हेरी उपलब्ध गराउने ।

(४) मानवीय क्षति कुनै पनि प्रकोपको समयमा परी व्यक्तिको मृत्यु भएकमा मृतकको परविारलाई रु. ३५०००।- (पैतीस हजार) तत्काल राहत स्वरुप उपलब्ध गराईने छ ।

(५) प्रकोपको घटनामा परी घाईते हुनेहरुलाई यस कोषमार्फत सरकारी वा जुनसकै अस्पतालमा उपचार गर्नका लागि रु. १०,०००।- (दश हजार) सम्म उपचार दिने ।

(६) विपद्का विडितहरुलाई पुनस्थापना र पुनःनिर्माणका लाीग प्रचलित नीति र नियममा रही स्थानीय सामुदायिक बन र जिल्ला बनसँग सहकार्य गरी सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(७) प्रकोपमा विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा कार्यपालिका र विपद व्यवस्थापन समितिको बैठकले किटानका साथ निर्णय गरेर मात्र राहत दिने ।

(८) दैविक प्रकोपमा उद्धार गर्न तत्काल उद्धार टोलीमा खट्नका लागि आवश्यक्ता अनुसार रु. ५०,०००।- ( पचास हजार) सम्म खर्च गर्ने ।

(९) अन्य बिषयमा सचिवालयले आवश्यक परे बैठकबाट निर्णय गर्न सक्ने छ ।

**१३ आवश्यक प्रमाण :**

(१) माङसेबुङ गाउँपालिकाको स्थायी बसोबास भएको हुनु पर्ने र विशेष परिस्थिती भए अन्य स्थानमा वसोवास गर्ने व्यक्तिलाई पनि ।

(२) नेपाली नागरिकता/फोटो आवश्यक अनुसार ।

(३) स्थलगत प्रहरी सरजिमीन मुचुल्का/मृतक आगलागी भएमा ।

(४) वडा कार्यालयको सिफारीस ।

**परिच्छेद - ५**

**विविध :**

**१४. कार्यक्रम**

गाउँकार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमितिबाट विपद सम्बन्धी कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र गरिनेछ ।

१५. जाचँपास तथा फरफारक

कोषबाट संचालित कार्यक्रमको जाचँपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. संसोधन**

यस कार्यविधिलाई संसोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको बैठक बाट हुनेछ ।

**१७. खारेजी र बचाउ**

(क) यस कार्यविधिमा व्यवस्था भएका बुदाहरु स्थानिय संचालन ऐन २०७४ स्थानिय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाभिन गएमा बाभिएको हदसम्म स्वत खारेज भएको मानिनेछ ।

(ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पति तथा दायित्व प्रचलित कानुन बमोजिम हुनेछ ।